१७ औं प्रतिदिन वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ । । अङ्क : १८७ ॥ २०८२ भाद्र ०२ गते सोमबार (18th Aug 2025 Monday) Pratidin National Daily मूल्य-रु.५/-

## झापामा जताततै रथयात्रा



झापा(प्रस) । झापाको १० ठाउँमा आइतवार श्रीकृष्ण रथयात्रा निकालिएको छ ।

दमक , भद्रपुर , बिर्तामोड, गौरीगञ्ज , शिवगञ्ज , मेचीनगर , गौरादह , तोपगाछी , राजगढ , शिवसताक्षीको ढुंगेल चोकलगायतका स्थानमा रथयात्रा निकालिएको हो । वर्षेनि रथयात्रा थपिदै गएको छ ।  यस वर्ष मेचीनगर , राजगढ ,  तोपगाछी , शिवसताक्षीको ढुंगेल चोकलगायतका ठाउँमा रथयात्रा शुरु गरिएको हो ।

जिल्लाकै पहिलो श्रीकृष्ण रथयात्रा विशेष पूजा अर्चनापश्चात् भद्रपुर-५ स्थित लक्ष्मीनारायण मन्दिर अगाडिबाट निकालिएको थियो ।  विभिन्न झाँकीसहित निकालिएको रथयात्रा भद्रपुर नगरपालिका क्षेत्रको गौशाला, झापा चोक, संगमचोक, सगरमाथा चोक, गार्मेन्टचोक, लेखनाथ चोक, चन्द्रगढी बजार हुँदै एसपी मोड, क्याम्पस मोड, अस्पताल चोक, जनता चोकबाट भद्रपुर बजार हुँदै पुनः लक्ष्मीनारायण मन्दिरमा पुगेर समापन गरिएको छ । श्रीकृष्ण रथयात्राको संरक्षण भद्रपुर नगरपालिकाले गर्दै आएको छ ।  २०५९ सालमा काठको पाङ्राले बनाइएको रथ जीर्ण भएपछि भद्रपुर नगरपालिकाले ८ लाख रुपैयाँ बजेट छुट्याएर टायरको पाङ्रासहित फलामले रथ निर्माण गरेपछि केही सहज भएको थियो ।

त्यस्तै श्रीकृष्ण प्रणामी नेपाल यूवा परिषद  र  बालाजी मन्दिर समितिको संयुक्त आयोजनामा बिर्तामोड ५ स्थित  बालाजी मन्दिरबाट बृहत रथ यात्रा निकालिएको थियो ।  उक्त रथयात्रा बिर्तामोड १को  सिनेप्लाजा हुँदै अर्जुनधारा ६ महानन्द चोक , बिर्तामोडको मुक्ति चोक , सिटीसेन्टर , भद्रपुर रोड ,पश्चिम  बस स्टेन्ड हुँदै पुनः बालाजी मन्दिरमा  पुगेर समापन भएको थियो । उक्त रथयात्रामा करिव ५ हजार जनाको सहभागिता रहेको अनुमान गरिएको छ ।

त्यस्तै दमक  ७ स्थित कृष्ण मन्दिरबाट रथयात्रा निकालिएको थियो ।  करिव ३ हजार जनाको उपस्थिति रहेको उक्त रथयात्रा राधाकृष्ण मन्दिरबाट सुरु भई हनुमान मन्दिर, पशुहाट, महेन्द्र राजमार्ग, दमक चोक, फर्निचर लाइन, पशुपति मन्दिर, शङ्खधर चोक, भृकुटी चोक, भानुभक्त चोक, फाल्गुनन्द चोक हुँदै पुनः राधाकृष्ण मन्दिरमा  आएर समापन भएको थियो ।

त्यस्तै गौरीगञ्ज गाउँपालिकामा रथयात्रा निकालिएको छ । गौरीगञ्जको पहिचान र गौरवलाई मध्यनगर गरी गौरीगञ्ज खजुरगाछी राधाकृष्ण मन्दिर समितिले रथयात्रा निकालेको हो । २०७५ सालमा पहिलो पटक गाडामा भगवान् श्रीकृष्णको मूर्ति राखेर रथयात्रा निकालिएको थियो । खजुरगाछीको राधाकृष्ण मन्दिरबाट सुरु भएको  रथयात्रा महेन्द्रचोक , खजुरगाछी बसपार्क , वडा न.६ को कार्यालय , भारुचोक , देवकोटा स्कुल चोक,सन्तोषी माता मन्दिर , खजुरगाछीको शिव मन्दिर , हुलाकी राजमार्गको गेउरिया पुल हुँदै  पुनः राधाकृष्ण मन्दिरसम्म आएर समापन भएको थियो । त्यस्तै गौरादहमा पनि रथयात्रा निकालिएको छ । त्यस्तै शिवगंज बजारको हनुमान मन्दिर अगाडिबाट  सनातन धर्म संवर्द्धन संस्थाको आयोजनामा दोश्रो शिवसताक्षी रथयात्रा निकालिएको थियो । कार्यक्रमको प्रमुख अतिथि झापा क्षेत्र नं.४ का प्रतिनिधिसभा सदस्य एलपी साँवा लिम्बू रहेका थिए भने  अध्यक्षता संस्थाका अध्यक्ष माधव अधिकारीले गरेका थिए ।  विशिष्ट अतिथि शिवसताक्षी नगरपालिकाका नगर प्रमुख  प्रमुख मेगाहाङ्ग थोप्रा, गोलोक गोबर्धन गौशालाका संरक्षक नन्दकिशोर भारध्वाजसहित करिब हजार जनाको उपस्थिति रहेको थियो ।  जिल्लाका विभिन्न पालिकामा निकालिएको  रथयात्राका लागि  सुरक्षा व्यवस्था चुस्तदुरुस्त बनाइएको जिल्ला प्रहरी कार्यालय झापाका डीएसपी खगेन्द्र खडकाले जानकारी दिए । भद्रपुर, बिर्तामोड र दमकमा जिल्लाबाट थप प्रहरी जनशक्ति पठाइएको उनको भनाई  छ । अन्य पालिकाहरूमा त्यहीका जनशक्ति परिचालन गरिएको थियो ।

## युवा संघ नेपाल बिर्तामोडको अध्यक्षमा सादेम्बा



बिर्तामोड(प्रस) । राष्ट्रिय युवा संघ नेपाल बिर्तामोड नगर कमिटीको अध्यक्षमा प्रविन सादेम्बा चयन भएका छन् । दोश्रो नगर अधिवेशनबाट उनी सर्वसम्मतले अध्यक्ष चयन भएका हुन् । त्यस्तै उपाध्यक्षमा नुनम कन्दङ्वा , सचिव यादव मैनाली , सहसचिव रोशन भण्डारी , आशा गुरुङ र कोषाध्यक्षमा आशिस खतिवडा चयन भएका छन् । अधिवेशनले सादेम्वाको अध्यक्षतामा ३३ सदस्यीय नगर कमिटी सर्वसम्मत निर्वाचित गरेको नेकपा एमाले बिर्तामोडका अध्यक्ष सुवास भट्टराईले बताए । साउन २६ गते युवा संघको नगर अधिवेशनको उद्घाटन भएको थियो । बन्दसत्रमा अध्यक्षका लागि प्रविन सादेम्वा ,दिनेश अधिकारी र टीका हस्दाले दावी गरेका थिए। निर्वाचन प्रक्रियामा जान नदिई  सर्वसम्मतरुपमा कमिटी चयन गरिएको नगर अध्यक्ष भट्टराईले जानकारी दिए। निर्वाचित कमिटीको आइतवार नै सपथ ग्रहण भएको छ ।  निर्वाचित अध्यक्ष साम्देवाले आफूलाई दिएको विश्वासलाई न्याय गर्ने प्रतिबद्धता जनाएका छन् ।  सपथ ग्रहण कार्यक्रममा  प्रमुख अतिथि हरिचरण शिवाकोटी रहेका थिए  भने ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्री एकराज कार्की विशिष्ट अतिथि रहेका थिए ।

कार्यक्रममा बद्री भट्टराई, देवराज कार्की, सुवास भट्टराई, मदन बुढाथोकीलगायतको उपस्थिति रहेको थियो।  कार्यक्रमको अध्यक्षता अध्यक्ष मण्डलका अध्यक्ष  युवा संघका जिल्ला इन्चार्ज तथा केन्द्रीय सदस्य खगेन्द्रराज आङदम्बेले गरेका थिए ।

## घट्दै आदिवासीहरुको दधिकाद पर्व



झापा(प्रस) । श्रीकृष्ण जन्माष्टमीको भोलिपल्ट एकैदिन मनाइने  रथयात्राले व्यापकता पाउँदै गर्दा दधिकाद पर्व हराउँदै गएको छ ।

पूर्वी तराईमा बसोबास गर्ने आदिबासी समुदायका राजवंशी, गन्गाई, ताजपुरियालगायतका जातिले मनाउँदै आएको धार्मिक साँस्कृतिक पर्व हो दधिकाद । भगवान श्रीकृष्णको जन्म भएको खुशीयालीमा भोलिपल्ट नवमीका दिन हिलो खेलेर यो खेलपर्व मनाउने परम्परा रहिआएको छ ।

झापा, मोरङ र सुनसरी जिल्लाका आदिबासी समुदायले कृष्ण जन्माष्टमीको भोलिपल्ट दधिकाद पर्व मनाउँछन् ।

दधिकाद खेल खेलाउँदा आफ्नो मनले चाहेको मनोकामना पूरा हुने धार्मिक विश्वास रहेको छ । भगवान कृष्णले दही चोरेर खाएको र दहीको हिलोमा खेलेको स्मरण गर्दै माटोको हिलोमा दही चढाएर त्यसमा खेल्ने गरिन्छ ।

राजवंशी जातिले कृष्ण मन्दिरहरूमा कृष्ण अष्टमीका दिन रातभर भजन कीर्तन गरी जाग्राम बसेर त्यसको भोलिपल्ट दधिकाद पर्वको अवसरमा विविध कार्यक्रम आयोजना गर्ने गर्दछन् । तेल दलेको चिल्लो बाँसमाथि चढेर पुरस्कार जित्ने, हिलोमा नरिवल खोसाखोस गर्ने , मन्दिरमा नरिवल चढाउने , हाँडी फुटाएर पुरस्कार जित्ने प्रतियोगितात्मक खेलकुदलगायत एक आपसमा हिलो दलादल गरेर यो पर्व रमाइलो गरी मनाउने गरिएको छ ।

खासगरी दधिकाद भनेको दहीको हिलो भनेपनि दही नपाएका कारण माटोको हिलो बनाई एक अर्कामा छ्याप्दै रमाउने गरिन्छ । त्यही हिलोमा एउटा नरिवल राखिन्छ । दुईवटा समूह बनाइएको हुन्छ । एउटा समूह कृष्ण मन्दिरमा नरिवल चढाउन जान्छ भने अर्को समूहले रोक्ने गर्दछ । नरिवल चढाउने सामूहिक प्रतिष्पर्धामा जित्ने समूहलाई विजेता घोषणा गरिन्छ ।त्यस्तै बाँस चढ्ने प्रतियोगितामा तेल दलेको चिल्लो बाँसको टुप्पोमा पुरस्कारको पोको बाँधिएको हुन्छ । बाँसको टुप्पोसम्म पुग्ने खेलाडीलाई विजेता घोषणा गरी पोकोमा बाँधिएको पुरस्कार प्रदान गरिन्छ ।

दधिकाद पर्वलाई राजवंशी जातिले आफ्नो पहिचान बोकेको मौलिक पर्वका रुपमा लिने गरेका छन् ।

राजवंशी जातिका मानिसहरुले हरेक वर्ष कृष्णाष्टमीको भोलिपल्ट नवमीका दिन धुमधामसँग दधिकाद पर्व मनाउने गरेको मेचीनगरका हिरामोहन राजवंशी बताउँछन् ।

भगवान श्रीकृष्णको जन्म भएको खुशीयालीमा नवमीका दिन राजवंशी समुदायले एक-अर्कामा खुशी साटासाट गरी मनाउने दधिकादको निकै रौनक हुन्छ ।

दधिकाद पर्व राजवंशी समुदायको बसोबास रहेको क्षेत्रमा धुमधामले मनाइने

❖ बाँकी अन्तिम पृष्ठमा

## करेन्ट लागेर इलाममा एकजनाको मृत्यु



झापा(प्रस) । टायल्सको काम गर्दै गर्दा करेन्ट लागेर इलाममा एकजनाको मृत्यु  भएको छ । शनिवार साँझ ७.३० बजे इलाम माई नगरपालिका -२ माझबारी . बस्ने खेमराज लिम्बूको निर्माणाधीन घरमा टायल्सको काम गर्ने क्रममा भारत किसनगञ्ज सरिभिट्टा बस्ने नुर अहमदका छोरा  २२ वर्षीय अफ्सर आलमलाई अचानक करेन्ट लागेको थियो ।  घाइते भई अचेत अवस्थामा  उनलाई स्थानीय माई नगर अस्पतालमा लगिएको थियो । उपचारका क्रममा राति  ८:२८ बजे उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ । मृतकको शव सोही अस्पतालको शवगृहमा राखिएको छ ।

मृतकको आफन्तलाई जानकारी गराइएको र साइटको ठेकेदार इलाम माई २ बस्ने ४४ वर्षीय सुकबहादुर राई प्रहरीको सम्पर्कमा रहेको डीएसपी मानबहादुर राईले जानकारी दिएका छन् ।

## श्रीकृष्ण जन्माष्टमी महाउत्सव सम्पन्न



बिर्तामोड(प्रस) । भगवान श्रीकृष्णको जन्मदिनको अवसर पारेर  बिर्तामोडस्थित अग्रसेन भवनमा श्रीकृष्ण जन्माष्टमी भव्य रुपमा सम्पन्न भएको छ ।

राधा माधव भजनस्थलीले आयोजना गरेको श्रीकृष्ण जन्माष्टमीअन्तर्गत विभिन्न कार्यक्रम गरिएको हो ।

शनिवार बिहान ७:३० बजेबाट शुरु भएको राधाकृष्णको कथा तथा प्रवचनसहित भजन कीर्तन गर्दै भवन परिसरमा सयौं भक्तजनको उपस्थितिमा अवेर रातिसम्म भगवान श्रीकृष्णको गाथा गाएर कृष्ण जन्मोत्सव मनाइएको थियो ।

विभिन्न संघ संस्थाका प्रतिनिधि र सयौं भक्तजनको उल्लेख्य उपस्थितिले अग्रसेन परिसर गुञ्जयमान बनेको थियो । भगवान श्रीकृष्णको जीवन लीलालाई प्रस्तुत गर्दै आएका भक्तजनलाई निःशुल्क महाप्रसादसमेत बितरण गरिएको थियो ।


राति ७:३० वजेदेखि भजन गायक राजु अधिकारी र रोशन अधिकारीले भगवन श्रीकृष्ण र राधाका भजन प्रस्तुत गर्दै भक्तजनलाई मनोरञ्जन प्रस्तुत गरेका थिए ।

श्रीकृष्ण जन्माष्टमी महाउत्सव नाम दिएर पहिलो पटक आयोजना गरिएको महाअष्टमीमा विभिन्न बम्हाचारी महाराजहरुले विशेष प्रवचन दिएका थिए ।

श्रीकृष्ण जन्माष्टमी महामहोत्सवमा भक्ति सिद्धान्त दास ब्रम्हाचारी, शिद्ध स्वरुप

❖ बाँकी अन्तिम पृष्ठमा

## दमकको होटलमा भुटानी शरणार्थी मृत फेला



झापा(प्रस)। झापा दमकको परदेशी होटल एण्ड लजमा एक व्यक्ति मृत फेला परेका छन् । आइतवार दिउँसो अन्दाजी १.३० बजे दमक -६ फाल्गुनन्द चोकमा  रहेको परदेशी होटल एण्ड लजको रुम नं. २०१ मा बेलडाँगी २ बस्ने भुटानी शरणार्थी बर्ष अन्दाजी ३५ का संजिल राई मृत फेला परेका हुन् ।  उनी साउन २५ गतेदेखि  सो होटलमा बस्दै आएका थिए ।

बहिनी नाताकी मनिला चाम्लिङ राईले फोन गर्दा नउठाएपछि सोही होटलमा आई हेर्दा राई घोप्टो परी बेहोस अवस्थामा भेटिएका थिए ।  उनको नजिकमा रहेको टेबुलमा गुग्ली नामक बिषादिको बट्टा  फेला परेको छ । राईलाई  लाईफलाईन अस्पताल दमकमा लगी उपचार गराउने क्रममा डाक्टरले मृत घोषणा गरेका थिए ।  इलाका प्रहरी कार्यालय दमकबाट प्रहरी टोली खटिएर अनुसन्धान भइरहेको जनाइएको छ ।

पाँचथर मिक्लाजुङ -३ घर  भएका प्रेमकुमार फियाकले  फाल्गुनन्द चोकमा  सो होटल संचालन  गर्दै आएका छन् ।

## मेचीनगरका राजवंशीको घर जलेर नष्ट



झापा(प्रस) । झापाको मेचीनगरमा आगलागी हुँदा एक घर जलेर नष्ट भएको छ ।  शनिवार साँझ ७:५५ बजे मेचीनगर- ७ मदन वस्ती वस्ने ५० वर्षीय विश्व राजवंशीको फुसको छानो र टाँटी बेरा भएको एकतले घरमा अचानक आगलागी भएको हो । आगलागीबाट घरको एउटा कोठा,कोठाभित्र रहेको अन्नपात,भाडाबर्तन ,लत्ताकपडा , आधा तोला सुनको मंगलसुत्र, चाँदी २ तोला, नगद ३५ हजार जलेर नष्ट हुँदा जम्मा २ लाख ३० हजार बराबरको क्षति भएको छ । अस्थायी प्रहरी पोस्ट इटाभट्टाबाट गएको  टोली , मेचीनगर नगरपालिकाको दमकल र स्थानीयबासीहरुको सहयोगमा राति ८.४५ बजे आगो  पूर्णरुपमा नियन्त्रणमा आएको प्रहरीले जनाएको छ ।

# देशभरका २२ वटा मुख्य राजमार्गबाट दस्तुर उठाउने तयारी

झापा(प्रस)। देशभरका अधिकांश सडक जीर्ण र अस्तव्यस्त भइरहेकै वेला सरकारले पाँच वर्षदेखि रोकिएको सडक उपभोग दस्तुर (टोल ट्याक्स) ब्युँताउन लागेको छ।

कोभिड-१९ का कारण बन्द भएको दस्तुर संकलन प्रक्रिया नागढुंगा सुरुङमार्गको शुल्क निर्धारणसँगै पुनः सुरु भएको हो। यो व्यवस्था अब देशभरका २२ वटा मुख्य राजमार्गमा विस्तार गर्ने सरकारको तयारी छ, जसले सडक यात्रालाई थप महँगो बनाउनेछ।

२०८१ जेठ १७ गते बसेको मन्त्रिपरिषद् बैठकले सडक उपभोग दस्तुर उठाउने (कार्यविधि) नियमावली-२०८१ स्वीकृत गरिसकेको थियो। तर लागु भने भएको थिएन।

अहिले नागढुंगा सुरुङमार्गको दस्तुर तोकिसकेको छ। गत सोमबार बसेको मन्त्री परिषदको बैठकले तीन किसिमका सवारीलाई फरक-फरक शुल्क निर्धारण गरेको छ। काठमाडौँ आउँदा र काठमाडौँबाट बाहिरिँदासमेत फरक शुल्क तोकेको छ। यो सुरुङमार्ग सञ्चालनमा आएपछि सवारी धनीले सुरुङ प्रयोग गरेबापत शुल्क तिर्नुपर्नेछ।

सरकारले कार र भ्यानहरूको काठमाडौँ आउँदा ६५ रुपैयाँ र जाँदा ६० रुपैयाँ, मिनी बस/ट्रकको काठमाडौँ आउँदा ११५ रुपैयाँ र जाँदा ८० रुपैयाँ, बस तथा ट्रकको काठमाडौँ आउँदा २६० र जाँदा २०० रुपैयाँ दस्तुर तोकेको छ।

यस्तै भारी उपकरणको काठमाडौँ आउँदा ६०० र जाँदा २५० दस्तुर तोकिएको उनले बताए। सुरुङमार्गबाट मोटरसाइकल भने चलाउन पाइँदैन।

सञ्चालनमा आएपछि उक्त दस्तुर तिरेर मात्र सवारीसाधन धनीले सुरुङ प्रयोग गर्न सक्ने व्यवस्था कायम गरेको छ, जसले अब सडक उपभोग दस्तुर संकलनको पनि बाटो खुला गरेको छ।

अब छिट्टै सडक प्रयोग गरेबापत पनि शुल्क तिर्नुपर्ने व्यवस्था गर्ने तयारी भइरहेको छ। कोभिडअघि १५ वटा सडकबाट उपभोग दस्तुर उठाउँदै आएकोमा २२ वटा सडकबाट दस्तुर उठाउन सूचीसहित मन्त्रिपरिषद्मा छलफलको चरणमा छ।

अहिले देशभरका सडकको अवस्था बेहाल छ। पूर्वपश्चिम राजमार्गअन्तर्गत बुटवल नारायणगढ सडक यस्तै बीपी राजमार्ग,अरनिको राजमार्गलगायत बाढी पहिरोका कारण अस्तव्यस्त बनेका छन्। सडक यात्रा कस्टकर बनेको छ। उपत्यकाकै सडक खाल्डाखुल्डी, धुलैधुलो र पानी पर्दा हिलाम्मे र अस्तव्यस्त छन्। जसलाई मर्मत गर्न सरकार तदारुक देखिँदैन।

तर सडक प्रयोग गरेबापत शुल्क उठाउने प्रक्रिया छिट्टै अघि बढ्ने सडक बोर्डका कार्यकारी निर्देशक गणेशबहादुर केसीले बताए।

उनका अनुसार भौतिक पूर्वाधार मन्त्रालयले राजपत्रमा पहिला प्रकाशित १५ वटा मुख्य सडक खण्ड र थप ७ वटा सडक गरी कुल २२ सडकमा दस्तुर लगाउने प्रस्ताव मन्त्रिपरिषदमा पठाएको छ। त्यहाँबाट स्वीकृति पाएपछि कार्यान्वयन अघि बढाउने तयारी गरेको छ।

'शुल्क उठाएबापत सडकलाई खाल्डाखुल्डीरहित र चुस्त राख्नुपर्ने दायित्व पनि बोर्डको काँधमा आएको छ,' केसीले भने, 'हामी डिजिटल प्रणालीबाट दस्तुर संकलन गर्ने र सडक प्रयोगकर्तालाई सहज र स्तरीय सेवा दिने कुरामा प्रतिबद्ध छौं।'

# कन्काई घाटमा निर्माण भयो नयाँ विद्युतीय शवदाह गृह

झापा(प्रस)।झापाको कनकाई नगरपालिका-४ स्थित कन्काई घाटमा विद्युतीय शवदाह गृह निर्माण गरिएको छ। कोशी प्रदेश सरकार, कनकाई नगरपालिका र विभिन्न दाताको सहयोगमा दुई करोड ३० लाखको लागतमा कन्काई नदीको पूर्वी तटमा विद्युतीय शवदाह गृहको निर्माण सम्पन्न भएको हो।

विद्युतीय शवदाह गृहमा कोशी प्रदेश सरकारको दुई करोड, नगरपालिकाको २० लाख र विभिन्न दाताको १० लाख लगानी रहेको छ। कनकाई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेलले विद्युतीय शवदाह गृह कनकाई नगरपालिकाले सञ्चालन गर्नेगरी प्रदेश सरकारसँग सम्झौता भएको जानकारी दिए।

'शवदाह गृह सञ्चालनका लागि कार्यविधि नै बनाएका छौँ,' उनले भने, 'एक साताभित्रै विधिवत रूपमा सञ्चालन गर्ने तयारी भइरहेको छ।' कन्काई घाट व्यवस्थापन समितिका महासचिव एवं विद्युतीय शवदाह गृह पूर्वाधार निर्माण समितिका संयोजक गोपाल खरेलले भारतीय प्राविधिक टोलीले विद्युतीय शवदाह गृह निर्माणको काम सम्पन्न गरेर फर्किसकेको जानकारी दिए।

गत साउन २७ गते परीक्षणका क्रममा झापा गाउँपालिका पन्थापाडाकी ८० वर्षीया हेमवती राजवंशीको शव दहन गरिएको उनले बताए। विद्युतीय शवदाह गृहबाट एउटा शव दहन हुन करिब ५० मिनेट लाग्ने उनले बताए। दाउराको प्रयोग गरेर शव दहन गर्दा तीनदेखि साढे तीन घण्टा लाग्ने उनले बताए।

कोशी प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ मा ल्याएको बजेटमा कनकाई नदीमा स्थानीय तहको सहकार्यमा विद्युतीय शवदाह गृह निर्माणका लागि दुई करोड बजेट विनियोजन गरेको थियो। निर्माण सम्पन्न भएसँगै कनकाई नदीमा विद्युतीय शवदाह गृह निर्माणका लागि स्थानीयस्तरबाट उठेको माग सम्बोधन भएको छ।

विसं २०६७ मा स्थापना भएको कनकाई घाटमा हालसम्ममा पाँचवटा चितास्थल सञ्चालनमा छ। विद्युतीय शवदाह गृह सञ्चालनमा आएपछि दाहसंस्कारमा प्रयोग गरिने दाउरा र समयको बचत हुने छ भने वातावरण संरक्षणमा पनि मद्दत मिल्ने जनाइएको छ।

कुवेतमा विषाक्त मदिरा सेवन

# मृत्यु हुने नेपालीको संख्या ११ पुग्यो, ४० बिरामी

झापा(प्रस)। खाडी मुलुक कुवेतमा विषाक्त मदिरा सेवनबाट ११ नेपाली श्रमिकको मृत्यु भएको छ। कुवेतस्थित नेपाली दूतावासका अनुसार पछिल्ला चार दिनमा ११ नेपाली श्रमिकको ज्यान गएको हो भने बिरामी अवस्थाका ४० जनाको विभिन्न अस्पतालमा उपचार भइरहेको छ।

कुवेतको साल्मिया क्षेत्रमा रहेका नेपाली र भारतीयलगायत विभिन्न मुलुकका नागरिकले त्यस्तो मदिरा सेवन गरेको पाइएको छ।

कुवेतको स्वास्थ्य मन्त्रालयले २३ विदेशी श्रमिकको मदिरा सेवनका कारण मृत्यु भएको जनाएको छ। मन्त्रालयद्वारा जारी विज्ञप्तिअनुसार मिथानोलयुक्त मदिरा सेवनका कारण १ सय ६० श्रमिक बिरामी परेका छन्। मिथानोल उद्योगमा प्रयोग हुने रसायन भए पनि मदिरामा त्यसको प्रयोग गरेको पाइएको हो।

पीडित सबै एसियाली मुलुकका श्रमिक छन्। अघिल्लो शनिबारबाटै एकपछि अर्को श्रमिक बिरामी पर्न थालेका थिए। अस्पतालमा भर्ना हुनेको संख्या बढ्न थालेपछि कुवेतको लागूऔषध नियन्त्रण केन्द्र र सुरक्षा एजेन्सीसहितका निकाय सक्रिय भएका थिए।

कुवेती स्वास्थ्य मन्त्रालयको विज्ञप्तिमा ३१ जना बिरामीको भेन्टिलेटरमा उपचार भइरहेको उल्लेख छ। त्यस्तै ५१ जनालाई आपत्कालीन मिर्गौला डायलसिस जारी रहेको भनिएको छ।

कतिपय आकस्मिक रूपमै अन्धोपनको सिकार पनि भएको जानकारी गराइएको छ। धेरै बिरामीलाई सघन उपचार कक्षमा राखेर चिकित्सकको २४ घण्टे निगरानीमा राखिएको छ। विषाक्त मदिरा कहाँबाट आयो, त्यसको कुवेत सरकारले अनुसन्धान गरिरहेको छ।

# कुदिरहेको मोटरसाइकलमाअचानक आगलागी



झापा(प्रस)। इलाममा कुदिरहेको मोटरसाइकलमा अचानक आगलागी भएको छ। आइतवार साँझ ७.२२ बजे इलाम नगरपालिका ६ स्थित लोकसेवा कार्यालयको छेउमा सन्दकपुर ४ माबु बस्ने ३० वर्षीय अरुण लिम्बुले चलाउँदै कोठातर्फ जाने क्रममा मे५प१४५५ नं. को एनएस २०० सीसीको मोटरसाइकलमा आगलागी भएको हो। वाइरिङ सर्ट भइ आगलागी भएको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ।

# सरकारी कामकाजमा लिम्बू भाषा प्रयोग गर्दै माङसेबुङ

झापा(प्रस)।इलामको माङसेबुङ गाउँपालिकाले लिम्बू भाषालाई सरकारी कामकाजको भाषाका रूपमा कार्यान्वयन गर्ने तयारी गरेको छ।

कोशी प्रदेश सरकारले लिम्बू र मैथिली भाषालाई सरकारी कामकाजी भाषाका रूपमा कार्यान्वयनमा ल्याउने तयारी गरिरहेको बेला माङसेबुङले समेत लिम्बू भाषालाई आधिकारिक कामकाजीको भाषाका रूपमा प्रयोगमा ल्याउन लागेको हो।

गाउँपालिका अध्यक्ष हेमन्त राईका अनुसार माङसेबुङमा बहुसंख्यक जनताले बोल्ने लिम्बू भाषा (किरातसिरिजङ्गा लिपिमा लेखिने) लाई कामकाजी भाषाका रूपमा कार्यान्वयनका लागि एक जना भाषिक सहजकर्ता (सहायक पाँचौँ तह) नियुक्त गर्ने तयारी गरिएको हो। यसका लागि आवेदन आह्वान गर्दा छ जनाले आवेदन दिएका छन्। यही भदौ ४ गते (बुधबार) छनोट परीक्षा सञ्चालन गरी नियुक्ति गरिने गाउँपालिकाले जनाएको छ।




माङसेबुङले 'भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास कार्यान्वयन निर्देशिका २०७५' र 'माङसेबुङ गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्नेसम्बन्धी कार्यविधि, २०७४' अनुसार भाषिक सहजकर्ता नियुक्त गर्न लागेको प्रमुख प्रशासकीय अधिकृत दिलसेर राईले जानकारी दिए।

माङसेबुङ गाउँपालिकाको सङ्गठन तथा व्यवस्थापन (ओएनएम)मा नै समावेश गरी भाषिक सहजकर्ता नियुक्त गर्न लागिएको उनले बताए। भाषिक सहजकर्ताले नेपाली र लिम्बू दुवै भाषामा अनुवादकको काम गर्नेछ।

कर्मचारी नियुक्ति भएपछि गाउँपालिकाभित्र औपचारिक कार्यक्रम गरी लिम्बू भाषालाई कामकाजी घोषणा गरिने अध्यक्ष राईले बताए। उनका अनुसार बाहुल्य लिम्बू समुदायको सम्मानका लागि नेपालमै पहिलोपटक माङसेबुङमा लिम्बू भाषा कामकाजी प्रयोगमा ल्याउन लागिएको हो।

# ठेकीटोला म्याराथनमा ऐर र लिम्बू विजेता

झापा(प्रस)। श्रीकृष्ण जन्माष्टमीको अवसरमा झापाको गौरीगञ्जमा आयोजित दोस्रो ठेकीटोला म्याराथन प्रतियोगितामा नागेश्वर ऐर र पुष्पा शेर्मा लिम्बू विजेता बनेका छन्।

आइतवार बिहान गौरीगञ्ज ३ स्थित ठेकीटोलाबाट सुरु भई गौरीगञ्ज ६ स्थित चिल्हारा चोकदेखि पुनः ठेकीटोलासम्मको १२ किलोमिटर दुरीको म्याराथनमा आ-आफ्ना प्रतिष्पर्धीहरुलाई हराउँदै नेपाल प्रहरी क्लव काठमाडौका नागेश्वर ऐर र झापा दमककी पुष्पा शेर्मा लिम्बू विजेता बनेका हुन्। ४१ मिनेट १६ सेकेन्डमा निर्धारित दुरी पार गर्दै ऐरले २१ हजार नगद, जर्सी, मेडल र प्रमाणपत्र जितेका छन् भने महिलातर्फ प्रथम भएकी लिम्वूले १ घण्टा २ मिनेटमा दुरी पार गर्दै ६ हजार ५०० नगद, जर्सी, मेडल, प्रमाणपत्र हासिल गरेकी छन्।

त्यस्तै पुरुषतर्फ मोरङ लेटाङका बिक्रम लिम्वू दोस्रो भए। उनले १० हजार नगद पुस्कार पाए भने तेस्रो हुने पाँचथर निवासी भारतीय सैनिक मिसान आङदम्वेले ५ हजार नगद पुरस्कार हात पारेका छन्।



प्रतियोगिताका टप टेनलाई नगद र प्रमाणपत्रसहित पुरस्कृत गरिएको थियो। त्यस्तै महिलातर्फ दोस्रो हुने मोरङ उर्लावारीकी मन्दिरा महताराले २ हजार १०० र तेस्रो हुने दमककी यादिका देवानले १ हजार १०० रुपैयाँ नगद पुरस्कार पाएका छन्।

म्याराथनमा महेन्द्र पुलिस क्लव काठमाडौ, अरिदमन गण चारआली ब्यारेक, पश्चिम जुम्लाका धावक, सशस्त्र प्रहरी वल वि.ओ.पी.गौरीगञ्जका सशस्त्र प्रहरी कर्मचारी, इलाका प्रहरी कार्यालय गौरीगञ्जका प्रहरी कर्मचारी,स्थानीयलगायत गरी करिव १९० जना धावकले भाग लिएका थिए। उनीहरुलाई प्रमुख अतिथि र अतिथिहरुले पुरस्कार वितरण गरेका थिए। ठेकीटोला युवा समूह गौरीगञ्ज ३ को आयोजनामा भएको प्रतियोगिताको समापन कार्यक्रममा समूहका अध्यक्ष सुशिल राईको अध्यक्षता तथा गौरीगञ्ज गाउँपालिका अध्यक्ष फुलवती राजवंशीको प्रमुख आतिथ्यता रहेको थियो।

कार्यक्रममा गौरीगञ्ज गाउँपालिकाकी उपाध्यक्ष पुजन न्यौपाने कुँवर, गौरीगञ्ज ३ का वडाध्यक्ष श्रवण गिरी, गाउँपालिकाका पूर्व उपाध्यक्ष दिपेन्द्र थापा, गौरीगञ्ज उद्योग बाणिज्य संघका अध्यक्ष रुपक श्रेष्ठ, गौरीगञ्जका सुरक्षा निकायका प्रमुखहरुलगायतको उपस्थिति रहेको थियो।

## घट्दै ...

गरिएको मोतीलाल राजवंशी बताउँछन्। तर, अहिले यो पर्व लोप हुने अवस्थामा पुग्न लागेको भन्दैं राजवंशी अगुवाहरुले चिन्ता व्यक्त गरेका छन्। केही वर्ष अघिसम्म हेर्नेहरुको भीड थामी नसक्नु हुन्थ्यो। तर, अहिले दधिकादको रौनक देखिन छाडेको उनीहरुको भनाई छ।

मेचीनगरमा सक्रिय युवाको पहलमा अहिलेसम्म जसोतसो यो पर्वले निरन्तरता पाइरहेको हिरामोहन राजवंशी बताउँछन्। स्थानीय युवा शिवलाल राजवंशी अन्य समुदायको बाहुल्य र नयाँ पिढी आधुनिकतामा रमाउन थालेपछि आफूहरुको संस्कृति लोप हुन लागेकोप्रति चिन्ता व्यक्त गर्छन्।

राजवंशी समुदायका धेरै युवा विदेशिएकाले पर्वको उल्लास हराएको धाइजनका हरेकृष्ण राजवंशी बताउँछन्। उनले भने, 'गरिबीकै कारण यो पर्व हराउने अवस्थामा पुगेको हो।' मौलिक संस्कृति झल्काउने दधिकाद खेल पर्व संरक्षण गर्न स्थानीयस्तरबाटै पहल गरिनु पर्ने र अन्य पर्वजस्तै प्रचार प्रसार गर्नुपर्नेमा राजवंशी समाज विकास समिति झापाको जोड रहेको छ।

# अन्तर्राष्ट्रिय गुरुङ बुद्धिजम परिषदको कोशी समिति

झापा(प्रस)। अन्तर्राष्ट्रिय गुरुङ बुद्धिजम परिषद कोशी प्रदेशअन्तर्गत महिला विभाग र युवा विभागको कार्यसमिति गठन भएको छ।

महिला विभागको अध्यक्षमा शान्ती गुरुङ चयन भएकी छन् भने युवा विभागको अध्यक्षमा नरेश गुरुङ चयन भएका छन्। यससँगै कोशी प्रदेश समितिले पूर्णता पाएको छ।त्यसैगरी महिला विभागको उपाध्यक्षमा सावित्रा घले गुरुङ, महासचिवमा टंककुमारी गुरुङ, सचिवमा दुर्गादेवी गुरुङ, कोषाध्यक्षमा टीका गुरुङ चयन भएका छन्।




महिला सदस्यहरुमा प्रमिला गुरुङ, मनमाया गुरुङ, अनिता गुरुङ, पविमाया गुरुङ, मिनाकुमारी गुरुङ, चन्द्रकला गुरुङ, रेखाकुमारी गुरुङ, रत्नमाया गुरुङ, जमुना गुरुङ, एलिसा गुरुङ चयन भएका छन्।

त्यस्तै युवा विभागअन्तर्गत समितिको उपाध्यक्षमा भोलामान गुरुङ, महासचिवमा विरेन गुरुङ, सचिवमा भिमबहादुर गुरुङ, कोषाध्यक्षमा उमेश गुरुङ चयन भएका छन्। समितिको सदस्यहरुमा आशिष गुरुङ, प्रकाश घले गुरुङ, ममता गुरुङ, दक्षबहादुर गुरुङ, केदार गुरुङ, विक्रम गुरुङ, सञ्जय गुरुङ, मोहन गुरुङ, बच्चुराम गुरुङ र गणेश गुरुङलाई चयन गरिएको छ।

सन् २०१९ मा स्थापना भएको यस संस्थाले गुरुङ समुदायको परम्परागत मूल्यमान्यता, धर्म ,संस्कृतिको संरक्षण गर्दै बौद्ध धर्मसँगको अभ्यासलाई समयसापेक्ष अवलम्बन गर्दै पञ्चशीलमा आधारित संस्कारलाई जोड दिने उद्धेश्यका साथ औपचारिक रूपमा स्थापना गरिएको संस्थाका उपाध्यक्ष एवम् जनसम्पर्क विभाग प्रमुख रुकम गुरुङले जानकारी दिए।

यस संस्थाको मुख्य कार्यालय अमेरिकामा रहेको छ भने शाखा कार्यालय काठमाडौंमा रहेको छ।

## श्रीकृष्ण ...

दास बम्हाचारी, मनः शिक्षा दास बम्हाचारी, शान्ति दाता माधव दास, विनी माता लगायतले कृष्ण कथा तथा प्रवचन भक्तहरुमाझ प्रस्तुत गरेका थिए।

सो अवसरमा हिन्दू धर्मावलम्बीहरुको प्रमुख ग्रन्थ भागवत गीता र श्रीमद् भागवत महापुराणका विषयमा भक्तजनलाई जानकारी दिइएको थियो। भागवत गीता र श्रीमद् भागवत महापुराणका विषयमा भजनस्थलीले हरेकृष्ण अभियानसमेत सञ्चालन गरिएको भजनस्थलीका अध्यक्ष समेत रहेका भक्ति सिद्धान्त दास ब्रम्हाचारीले जानकारी दिए। सो अवसरमा नेपाल र भारतको पश्चिम वंगाल तथा विहार राज्यका विभिन्न स्थानबाट भक्तजनको उल्लेख्य सहभागिता थियो।

यसैबीच श्रीकृष्ण जन्माष्टमीको अवसर पारेर बिर्तामोडमा आयोजित श्रीकृष्ण जन्माष्टमी महामहोत्सवमा इलाम- झापा मैत्री समाज र लायन्स क्लव अफ बिर्तामोड लेडीले निःशुल्क रुपमा पानी तथा मोही वितरण गरेका थिए।

लायन्स लेडीले पानी र इलाम- झापा मैत्री समाजले मोही निःशुल्क रुपमा बितरण गरेका थिए। उनीहरुले छुट्टाछुट्टै स्टल राखेर सहभागी भक्तजनलाई सेवा प्रदान गरेका थिए। महामहोत्सवमा सहभागीलाई निःशुल्क रुपमा भण्डारा सञ्चालन गर्दै महाप्रसादसमेत वितरण गरिएको थियो। साँझ कार्यक्रममा बिर्तामोड नगरपालिकाकी नगर प्रमुख पवित्रा महतारा प्रसाई, प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीलगायत बिभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरुको उपस्थिति रहेको थियो।

डेंगी रोगबाट आफू बचौं अरुलाई पनि बचाऔं



बिर्तामोड नगरपालिकाले डेंगी रोगको रोकथाम र नियन्त्रणको लागि लामखुट्टेको लार्भा 'खोज र नष्ट गर' अभियान सुरु गरेको हुँदा सबै जना अनिवार्य सहभागी बनौं।

डेंगी के हो ?

डेंगी लामखुट्टेबाट सर्ने भाइरल संक्रमण वा रोग हो। डेंगीका कारण उच्च ज्वरो आउने,चेस्रारी टाउको दुख्ने, आँखाको गेडी दुख्ने, हाडजोर्नी र मांसपेशीहरु र ढाड दुख्ने, शरीरमा विमिरा आउने, रिंगटा लाग्ने, वाकवाकी, वान्ता हुने, कराका साथै पेट दुख्ने, श्वासप्रश्वासमा समस्या आउने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने, बेहोस हुने आदि हुन सक्छ।

डेंगीबाट बच्न के गर्न सकिन्छ ?

- बिहान, दिउँसो, राति जुनसुकै बेला झुल लगाएर मात्रै सुत्ने,
- पूरा बाहुला भएको पूरा शरीर ढाक्ने लुगा लगाउनु पर्छ,
- शरीरका खुल्ला भागमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- लामखुट्टे भगाउन लामखुट्टे धपाउने विधिहरु अपनाउने जस्तै : धुप बाल्ने,
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने,
- आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक स्थानहरुमा पानी जम्न नदिई सफा राख्ने,
- पानी जम्मिहलेको खाल्डमा हप्तामा २ पटक जमेको पानी फाल्नुपर्छ,
- कुलरमा रहेको पानी हप्तामा २ पटक सफा गर्नुपर्छ,
- गमला वा गमला राखेको प्लेटमा जमेको पानी हप्तामा २ पटक फालेर प्लेट सफा राख्ने,
- भाँडाकुँडामा पानी जम्न नदिन घोप्ट्याएर राख्ने,
- घर वरपर रहेका पानी जम्ने खाल्डाखुल्डीलाई पुरिदिने,
- काम नलाग्ने भाँडाकुँडा, सिसी, बोतल, प्लास्टिकका सामग्री, टायर आदिको पानी जम्न नमिल्ने गरी विसर्जन गर्ने।

डेंगीविरुद्ध खोप र खास उपचार समेत नभएकाले लामखुट्टेको टोकाइबाट बच्नु नै यस रोगबाट बच्ने प्रमुख उपाय हो। डेंगीको शंका लाग्नासाथ नजिकैको स्वास्थ्य संस्थामा अनिवार्य जानुहोस्।

जनहितका लागि

बिर्तामोड नगरपालिका

झापा, कोशी प्रदेश

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# जन्माष्टमीको महिमा

पूर्वीय दर्शनमा चार युगको अस्तित्वलाई विशेष महत्वका साथ व्याख्या गरेको पाइन्छ। जव–जव पृथ्वीमा ठूला–ठूला संकटहरु आइ पर्छन् तव–तव भगवानले मनुष्यको रुपमा जन्म लिइ असत्यमाथि सत्यको जित गराउन र मानव सभ्यतालाई निर्वाध रुपमा अगाडि बढाउन महत्वपूर्ण भूमिका खेलेको विभिन्न शास्त्रहरुमा अध्ययन गर्न पाइन्छ। सत्य, त्रेतापछि आउने द्वापर युगको अन्त्यतिर भाद्र कृष्ण अष्टमीको मध्यरात्रीमा भगवान श्रीकृष्णको जन्म बाबु वासुदेव र आमा देवकीको आठौं गर्भबाट भएको र जन्मपश्चात् आफ्नो आमा देवकीलाई शंखचक्र धारण गरेको चतुर्भुज ब्रम्हको दर्शन दिएको पाइन्छ।

विष्णुका दश अवतारमध्ये कृष्णलाई आठौं अवतारको रुपमा लिईन्छ । कृष्णले महाभारत युद्धमा अर्जुनको सारथी भई पाण्डवलाई सहयोग गरेको , झन्डै सन्यासी हुन पुगेका अर्जुनलाई गीताज्ञान प्रदान गरेको व्यहोरा महाभारतमा समेत उल्लेख छ। भगवान कृष्णका बिभिन्न चरित्र र लीलाहरुलाई अध्ययन र अवलोकन गर्दा सत्यको सधै जित हुन्छ र संख्याले सधै सत्य निर्धारण गर्दैन भन्ने भाव प्राप्त गर्न सकिन्छ।

गोकुलमा वर्षा र बाढीबाट गाईको रक्षा गर्न श्रीकृष्णले एउटा पर्वत उठाई छाता जस्तो गरी पानी छेकी गाईको संरक्षण गरेको प्रसङ्ग पनि सुन्न र पढ्न पाईन्छ। यस पर्वतलाई गोवर्धन पर्वत भनिन्छ भगवान श्रीकृष्णले दुष्टहरुको सामु लीला मात्र गरेनन्, विभिन्न मतमतान्तर, आडम्बर तथा अबुझपनले सही मार्ग समात्न कठिन भई सकेको गीताज्ञान लाई छर्लङ्ग बनाइदिए।

गीताज्ञानलाई धुवाँबाट ढाकिएको सिसा धोई पखाली गरेझैँ छर्लङ्ग बनाइदिए । जति पढ्यो उति नै फरक अनुभुती प्राप्त हुने गीताज्ञानको अन्त्य कहिल्यै नहुने र अध्ययन एवं अभ्यासले अनन्तसम्म पुग्न सकिने विश्वास छ। गीता माहात्म्यमा 'एकं शास्त्रं देवकी पुत्र गीतं। एको देवो देवकी पुत्र एव।' एकमात्र शास्त्र देवकी पुत्रको गीता तथा एकमात्रै देव देवकी पुत्र कृष्ण भनी उल्लेख छ। हाम्रो शास्त्रले यसरी आमाको नामबाट सन्तान र देवतालाई परिचय गराएको छ। यसबाटमा त्रिशक्तिको महत्व छर्लङ्ग हुन्छ। यसरी कृष्णको नाम लीलाका भजनकृत नभएको अवस्थामा वात्सल्य प्रेम प्रकट हुने हुनाले भक्तजनहरु सकृयताका साथ नाचगानमा संलग्न हुन्छन् भन्ने मान्यता रही आएको पाइन्छ।

कृष्ण जन्म अष्टमीको दिन दिनभरी व्रत बसी मध्यरातमा विधिपुर्वक पुजागरी जन्मोत्सव मनाउने चलन छ।




# कानुनी शासनको सम्मान



• रामनारायण विडारी

शासन कानुनी कि हुकुमी भन्नेबारेमा धेरै बहस जरुरी छैन। आजको अवस्थामा हुकुमी शासन चाहिन्छ भनेर वकालत गर्ने अति न्यून हुन्छन् । कानुनी शासनबारेमा भने प्रशस्त बहस गर्नु जरुरी छ। के हो कानुनी शासन ? कसरी चल्छ र हुन्छ कानुनी शासन ?

यस विषयमा विभिन्न धारणा बन्न सक्छन् । हुकुमी शैलीमा कानुन बनाउने र सो कानुन अनुसार शासन चलाउने पनि त कानुनी शासन हो नि भन्ने मान्छे अझै पनि भेटिन्छन् । विधि अनुसार विधि बनाउने र सो विधि जनताले बनाउने अनि शासन गर्ने नै कानुनी शासन हो ।

अहिले चलेको नेपालको लोकतान्त्रिक पद्धतिमा पनि हुकुमी शैलीमा कानुन बनाउने र सो कानुन पालना भएन भने सजाय गर्ने थिति कायमै छ भन्न मानिसलाई असजिलो छैन । यस विषयमा सबैको मत एकै नहुन सक्छ । कतिले अहिले कानुन बनाउने शैली ठिक छ भन्छन् । किनकि यो कानुन सरकारले वा सांसदले सदनमा दर्ता गरेपछि संसद्ले सो कानुन पारित गर्छ र राष्ट्रपतिले प्रमाणीकरण गरेपछि ऐन बन्छ । यसरी नै अन्य लोकतान्त्रिक देशमा पनि कानुन बन्ने हो । यसभित्रको अभ्यास व्यवहार र तरिका अन्य लोकतान्त्रिक व्यवस्थामा र हाम्रो लोकतान्त्रिक व्यवस्थामा फरक देखिन्छ । अमेरिका, ब्रिटेन तथा अन्य लोकतान्त्रिक देशमा कानुन कसरी बनाउने भन्ने विषयमा करिब सय दुई सय वर्षअगाडि नै पहिला विशेष ऐन वनाएर सो ऐनले निर्देशित तरिकाबाट कानुन बनाउने अभ्यास गरिएको छ ।

नेपालमा कानुन मन्त्रालय र मन्त्रीपरिषद्ले स्वेच्छाचारी ढङ्गबाट कानुनको मसौदा गर्ने र संसद्मा पेस गर्ने अनि संसद्ले सरकारी दलको निर्देशनमा हतार हतारमा पारित गर्ने थिति बसेको छ । फलस्वरूप कानुन पारित गर्ने सांसदलाई ऐनको नामसमेत जानकारी हुँदैन । सो ऐन के उद्देश्यका लागि, के विकास गर्न, के कुरा नियन्त्रण वा निर्मूल गर्न, घटाउन वा बढाउन सो ऐन पारित गरिएको हो सो समेत हेक्का रहेको पाइँदैन। त्यति मात्र होइन यो अधिवेशनमा कति वटा ऐन पारित भयो भन्ने जानकारीसमेत राखेको पाइँदैन। जबकि अधिवेशन अन्त्य हुँदाका बखत संसद्मा सबै विस्तृत विवरण सदनमा पेस गरिएको हुन्छ । सो विवरणसमेत सांसद पढ्दैनन् । यसको मतलव सांसद आफ्नो पदीय जिम्मेवारी पूरा गर्दैनन् ।

सांसदको मुख्य काम विभिन्न संघ संस्थाबाट विभिन्न मुलुकबाट प्राप्त सहयोग लिएर गरिने कार्यक्रममा विभिन्न होटेलमा जाने, आफ्नो निर्वाचन क्षेत्र वा जन्म क्षेत्रका विभिन्न जनस्तरमा हुने कार्यक्रममा जाने, मन्त्रालय वा विभाग वा कार्यालयमा वा प्रहरी निकायमा जाने र आफ्नालाई सहयोग पुग्ने गरी कार्य गर्ने इमानदार सांसदको दैनिकी बनेको छ । अलि चड्ढ सांसद भने विभिन्न बिचौलिया, व्यापारीको सम्पर्क र सम्बन्ध स्थापित गरेर संसद्मा उनैका लागि उपयुक्त हुने कानुनमा घुमाएर वा सोझै सहयोग पुग्ने गरी बहस गरिरहेको वा मन्त्रालयमा गएर प्रभाव पार्ने कोसिस गरिरहेको देखिन्छन् ।

कूटनीति गर्न सिपालु मन्त्री पनि भइसकेका भने दलमा पनि अलि प्रभाव जमाउन सफल सांसद नीतिगत कुरामा जालझेल गर्दै व्यापार व्यवसायमा घुमाएर साझेदारी लिने र देशलाई दुरगामी असर पारेर भए पनि वरिपरिकालाई घरजम गर्ने/गराउने कार्यमा तल्लीन भएको देखिन्छन् । तीन किसिमका सांसद जनमुखी कानुन बनाएर पारित गर्ने कार्यमा संलग्न भएको पाइँदैन । यस्तो अवस्थामा कानुन राम्रो नबनाउने, बनाएको कानुन पनि जनमुखी नहुने, कानुन बिचौलिया, विदेशी रकमबाट सञ्चालित संस्थाको प्रभावमा बन्ने, यस्तो कानुनको मसौदा सरकारका पदाधिकारीले जानीजानी बनाउने संसद्मा गएपछि अधिकांश सांसदले अज्ञानता वा स्वार्थका कारण त्यसलाई खास ध्यान नदिने अनि ऐनको मुख्य चिज पनि सरकारलाई नै बनाउन प्रत्यायोजित गर्ने गरेर जनहितविरुद्धमा कानुन बन्दै गए ।

संसद्ले एउटा ऐन बनाउँछ भने त्यस अन्तर्गत सरकारले दर्जनका दर्जन सो ऐनसरह हुने गरी सहायक कानुन बनाउँछ । अन्त्यमा सरकारका पदाधिकारी सो ऐन हेर्दैनन् । सरकारले बनाएको सहायक कानुन टेबुलमा लिएर कर्मचारी बसेका हुन्छन् । सोही सहायक कानुनका आधारमा सबै सरकारी पदाधिकारीले जनतालाई सेवाका नाममा शासन गरिरहेका हुन्छन् र भन्छन् यही नै हो कानुनी शासन, किनकि हामीले लिखित कानुनबाट शासन गरिरहेका छौं ।

हुकुमी शासनमा त लिखित कानुन हुँदैन, मौखिक कानुनबाट शासन चल्छ । यही भनाइ अहिलेसम्म चलिरहेको छ । चाहे तपाईं मालपोत कार्यालय जानुस्, यातायात कार्यालय जानुस् वा पासपोर्ट बनाउने कार्यालय, नागरिकता बनाउने कार्यालय, भूमिसुधार कार्यालय सबै ठाउँमा परिपत्र, विनियम, कार्यविधि, निर्देशिका, मापदण्ड सबै कर्मचारीको टेवुलमा हुन्छ । यो सबै कानुन त हो तर संसद्ले बनाएको होइन सरकारका पदाधिकारीले बनाएको हो । यही कानुनबाट शासन चलिरहेको छ । संसद्ले बनाएको ऐन त ती कर्मचारीले सम्भवत पढेका पनि हुँदैनन्। ऐन नै कर्मचारीको मसौदामा मन्त्रीले लगेपछि संसद्ले पारित मात्र गरिदिएको हुन्छ, अध्ययनसम्म गरेका हुँदैनन् ।

संसद्ले २० प्रतिशत मात्र कुरा ऐनमा लेखेर ८० प्रतिशत कुरा सरकारलाई बनाउन अधिकार प्रदान गरेको हुन्छ । यसरी खास ऐन बनाउन पाउने एक मात्र अधिकार भएको संसद्ले २० प्रतिशत मात्र ऐन बनाउँछ । कानुन बनाउने अधिकार नै भएको सरकारले ८० प्रतिशत कानुन बनाउने थिति अहिले छ । यही नै हो भ्रष्टाचारको मूल जरो ।

विकासनिर्माण गर्नुपर्ने सरकार बजेटको ५० प्रतिशत पनि विकासमा खर्च गर्न नसकेर बजेट राज्यकोषमा नै फर्कन्छ । ऊ ८० प्रतिशत कानुन बनाएर बस्छ। कानुन बनाउनुपर्ने संसद् विकास निर्माण मैले गरेको हुँ भन्दै गाउँमा भाषण गर्न जान्छ। कानुन २० प्रतिशत मात्र बनाएर ८० प्रतिशत कानुन अरूलाई बनाउन अधिकार दिएर बस्छ । समग्रमा भन्नु पर्दा जसले जे गर्नुपर्ने हो उसले सो नगर्ने, जसले जे नगर्नु पर्ने हो उसले सो गर्ने कार्य नै देश विकासको बाधक हो । सांसद कानुन राम्रोसँग बनाऊ, विकास निर्माण स्थानीय, प्रदेश, नेपाल सरकारका पदाधिकारीले गर, यही हो अहिलेको संविधानको लक्ष्य ।

राष्ट्रिय सभा अर्न्तगतको प्रत्यायोजित विधायन समितिले २०७८ असोजमा धेरै लामो प्रयासपछि कानुन वा ऐन कसरी बनाउने ? सहायक कानुन कस्तो हुन्छ ? कति बनाउने ? बनाउँदा कस्ता सिद्धान्त अपनाउने ? आदि सबै व्यवस्था उल्लेख गरेर अलग्गै ऐन बनाउने मसौदा सरकारलाई निर्देश गरेर यो ऐन सदनमा पेस गरेर पनि पारित गरेको छ । यो ऐन पारित भएपछि पनि सांसद र सरकार दुवैले ऐनमा उल्लेख विषयलाई वास्ता नगरी पुरानै शैली अपनाइरहेको देखिन्छ। यस्ता ऐन ब्रिटेन र अमेरिकामा सयौँ वर्षअघि नै बनेका थिए। नेपालमा विधायन ऐन, २०८१ सालमा मात्र पहिलो पटक संसदीय समितिको विशेष चासो र पहलमा बनेको छ । यो संसदीय इतिहासमा नयाँ फड्को हो ।

संसदीय समितिको निर्देशन र सहयोगमा सरकारले ऐनको मसौदा (विधेयक) सदनमा ल्याएको नेपालको संसदीय इतिहासमै पहिलो हो । यो ऐन अझै संसदीय समितिले भनेबमोजिम छैन तापनि प्रारम्भ भएको छ, सरकारलाई यसमा धन्यवाद दिनु पर्छ । यसलाई ध्यानमा राखेर संसद् र सरकार दुवैले ऐन पारित गर्ने, मसौदा गर्ने, छलफल गर्ने कार्य इमान र सक्रियतापूर्वक गरे भने देशमा व्याप्त भ्रष्टाचार ५० प्रतिशत नियन्त्रण हुन्छ । ऐन बनेपछि पनि सो ऐनलाई हेरेर विधेयक पेस भइरहको छैन ।

सांसदले पनि सो ऐन हेरेर छलफल गरिरहेका छैनन् । अझै पर्याप्त ढङ्गबाट यो ऐन पालन नगरी सहायक कानुन निर्माण गरेकोमा संसद्ले सरकारको नियमन गरी त्यस्ता सहायक कानुन खारेज गर्नेतर्फ अगाडि बढेमा देश प्रगतिको दिशामा अघि बढ्ने थियो ।

# मल कारखानाको अनिवार्यता



• श्याम रिमाल



विसं २०४८ को संसद् अधिवेशनका बैठकदेखि नै राजनीतिकर्मीबाट नेपालमा रासायनिक मल कारखाना स्थापना गर्न सरकारसँग माग हुँदै आइरहेको छ। खास गरी नेपाल मजदुर किसान पार्टीले यस विषयमा निरन्तर र तारन्तार बोलेको बोल्यै छ। विसं २०७२ मा 'नेपालको संविधान' बन्नुभन्दा अगाडिसम्म कुनै सरकारले यसबारे न कुनै जवाफ दियो, न कार्यान्वयन नै। महँगो हुने भएकाले हो वा छिमेकीलाई चित्त नदुखाउन हो, तिनले मल कारखानाको मागप्रति कानमा तेल हालेर बसे । सायद नेमकिपा एक मात्र राजनीतिक दल थियो जसले स्वदेशमै रासायनिक कारखाना खोलेर मल आपूर्ति सहज गर्न सरकारलाई झकझकाइरहन्थ्यो । उसले मल आयात गरेर आफ्नो रकम बिदेसिन नदिन र बर्सेनि मल अभाव भोग्न परोस् भन्ने उद्देश्यले सो विषय सरकारलाई बारम्बार सम्झाइरहन्थ्यो, सम्झाइरहेछ । आजसम्मका दिनमा डा. प्रकाशचन्द्र लोहनी, जयप्रकाशप्रसाद गुप्तादेखि वामपन्थी पृष्ठभूमिका महेन्द्र राय (प्रसाद) यादव, डा. वेदुराम भुसालसम्म कृषिमन्त्री भइसके पनि अझै यस समस्याको समाधान नहुनु आश्चर्य हो ।

बर्सेनि भर्ना समयमा विद्यालयका विद्यार्थीलाई पुस्तक उपलब्ध गराउन नसकिएको र मल नपाइने समाचार कथा सधैँ जसो सञ्चार माध्यममा पट्यारलाग्दो गरी जम्काभेट हुने गरेकामा अचेल किताबी समस्याचाहिँ केही हदसम्म निप्टारा लागेको महसुस भएको छ। मल अभावको कथा अझै भोगिँदै छ, पढिँदै छ । कृषिप्रधान मुलुकमा राज्य।सरकारले कृषि, कृषक, मल, बिउ, कृषि यन्त्र उपकरण, कीटनाशक औषधी (इक्सेक्टिसाइडस-किरा मात्र मार्ने), विषादी (पेस्टिसाइडस-हानिकारक किराबाहेक झारपात, मुसा, ढुसी, ब्याक्टेरिया, कुनै जनावर वा बिरुवा मार्ने) को व्यवस्थामा जोड दिन सोही अनुसारका नीति-कार्यक्रम तर्जुमा, बजेट विनियोजन गर्नुपर्ने हो । कुनै बेला कृषिसम्बन्धी गुरुयोजना नै पनि बनेको थियो । अनि केही सांसदहरूले संसद् बैठकमा कृषकलाई निवृत्तिभरण दिनुपर्ने माग पनि गरेका थिए, छन् । दुःखको कुरा, बर्सेनि मल अभाव भएको घटना र समाचार आउँदा तथा प्रत्यक्ष देख्दा पनि जुनसुकै सरकारका कानमा बतास नलाग्नु विडम्बना हो। सांसदहरूले संसद्मा र मिडियाले सञ्चार माध्यममा कुरा उठाएको दशकौँ हुँदासम्म पनि त्यसतर्फ किन पाइला चालिएको छैन ?

यसबिचमा एउटा सकारात्मक कुरा भने यस्तो थियो : विसं २०७७ कात्तिक २४ गते नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का तर्फबाट केपी शर्मा ओली नै प्रधानमन्त्री भएका बेला मन्त्रीपरिषद् बैठकले तत्कालीन अर्थमन्त्री (हालका पनि) विष्णुप्रसाद पौडेल, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्ट र कृषि तथा पशुपन्छीमन्त्री पद्मा अर्याल रहेको समिति गठन गरी स्वदेशमा नै रासायनिक मल कारखाना खोल्नका लागि प्रारम्भिक अध्ययन गर्न निर्देशन दिएको थियो । सो समितिले सचिवसमेतको बैठकमा कारखाना स्थापनाको प्रविधि, लगानीको विधि र सम्भावित लागतबारे छलफलसमेत गरेको थियो ।

यही साउन २७ गते भने प्रधानमन्त्री ओलीले कृषिमन्त्री रामनाथ अधिकारी र उद्योगमन्त्री दामोदर भण्डारीलाई कृषि मल व्यवस्थापन र उत्पादन वृद्धिबारे तीन दिनभित्र सम्पादन गर्ने गरी तीनबुँदे निर्देशन दिनुभयो । उहाँले रासायनिक मलको आपूर्ति व्यवस्था चुस्तदुरुस्त गराउन नयाँ ढाँचासहितको ठोस योजना ल्याउन तथा प्राङ्गारिक/ जैविक मलको उत्पादन र प्रयोगका लागि राष्ट्रिय अभियान सञ्चालन र त्यसमा अनुदान नीतिको प्रस्ताव ल्याउन निर्देशन दिँदै भन्नुभयो, "माटोको उर्वरता बचाउने खालको रासायनिक मल कारखाना नेपालमै खोल्न अध्ययनको खाका ल्याउनुस् ।" पाँच वर्षअघिको निर्देशनमा रासायनिक मल खोल्न प्रारम्भिक अध्ययन गर्न मात्र भनिएको थियो भने अहिले माटाको उर्वरता संरक्षण गर्न सक्ने रासायनिक मल कारखाना खडा गर्न निर्देशन दिनु सकारात्मक पक्ष हो ।

**मल निर्माण विधि**

रासायनिक मल बनाउने विभिन्न विधि छन् : ह्याबर प्रक्रिया- यो अमोनिया बनाउन प्रयोग गरिन्छ जसमा हावाबाट नाइट्रोजन र हाइड्रोजन लिएर अमोनिया ग्यास बनाइन्छ र त्यसबाट युरिया (चिनी मल), अमोनियम नाइट्रेट, अमोनियम सल्फेट आदि रासायनिक मल बनाइन्छ। क्षार र लवण प्रतिक्रिया- यसमा अमोनियम र विभिन्न एसिड जस्तै सल्फ्युरिक एसिड, नाइट्रिक एसिडबिच प्रतिक्रिया गराएर अमोनियम सल्फेट, अमोनियम नाइट्रेट आदि मल बनाइन्छ । फोस्फेट चट्टान र एसिड प्रतिक्रिया- फोस्फेट रकसँग सल्फ्युरिक एसिड वा फस्फोरिक एसिड मिलाएर सुपर फोस्फेट मल बनाइन्छ । तापीय प्रक्रिया-यसमा उच्च तापक्रममा कच्चा पदार्थ तताएर मल बनाइन्छ जस्तै म्याग्नेसियम अमोनियम फोस्फेट आदि । ब्लेन्डिङ र ग्रेन्युलेसन-यसमा विभिन्न तयारी पोषक तत्व (नाइट्रोजन, फोस्फोरस, पोटासियम) लाई उचित अनुपात मिलाएर एनपिके मल बनाइन्छ र मिश्रणलाई ससाना दानामा परिणत गरिन्छ । के हाम्रा अर्थ, उद्योग र कृषिमन्त्रीले नेपालका रसायनशास्त्रीसँग मल बनाउनेबारे सम्पर्क राखेका छन् वा तिनलाई रासायनिक प्रतिक्रियाबाट मल बनाइन्छ भन्ने तथ्य थाहा छ ? के तिनले रासायनिक तत्व वा यौगिक पदार्थ सजिलैसँग पाइन्छ वा बनाउन कत्तिको खर्च लाग्छ भन्नेबारे कुनै वैज्ञानिकसँग सोधपुछ गरेका छन् ?

कृषिमन्त्री अधिकारीले साउन २९ गते देशमा आवश्यक परिमाणको मल खरिद र आपूर्ति गर्न सरकारसँग पर्याप्त बजेट नभएको स्पष्ट पार्नुभयो । मल किन्न र बिक्रीवितरण गर्न नै रकम नहुने हामीकहाँ मल कारखाना खोल्न नै कम्तीमा एक खर्ब लाग्ने तथ्य सम्झाइदिने हो भने कुनै सरकार पनि यसमा दिलचस्पी दिन मन गर्दैन। प्रतिनिधि सभाको सो दिनको बैठकमा मन्त्री अधिकारीले भन्नुभयो, "चालु आर्थिक वर्षमा छ लाख टन मल आपूर्ति गर्ने सरकारको लक्ष्य भए पनि उपलब्ध बजेटले माग सम्बोधन गर्ने गरी मल ल्याउन सकिएको छैन ।" उहाँका अनुसार देशमा मलको वार्षिक माग १३ लाख टन छ । हाल युरियामा ८२ प्रतिशत, डिएपीमा ६४ प्रतिशत र पोटास मलमा ४९ प्रतिशतसम्म अनुदान दिइएको छ । खरिद गरिएका ९० प्रतिशत मल बढी खपत हुने प्रदेशमा प्रदेश सरकारमार्फत वितरण गरिएको छ भने बाँकी १० प्रतिशत बफर स्टकमा राखिएको छ । मागका आधारमा प्रदेशको कोटा तोकिन्छ र त्यसै आधारमा पालिकामा वितरण गरिन्छ। सहकारी संस्था रहेको क्षेत्रमा सहकारीमार्फत र नभएका क्षेत्रमा निजी फर्ममार्फत कोटा विभाजन हुने गरेको छ।

कृषि अभियानकर्मी नेपालमा अझै रासायनिक मल नपुगेका ४० प्रतिशतमुनि प्राङ्गारिक जमिन रहेको र त्यसमा रासायनिक मलका सट्टा प्राङ्गारिक खेती नै गर्नुपर्ने बताउँछन् । उनीहरू रासायनिक मलले कालान्तरमा जमिन बिगार्ने र उब्जनी नहुने भएकाले त्यसलाई घटाउँदै लानुपर्ने सुझाव दिन्छन् । रासायनिक मललाई प्रोत्साहन नदिई प्राङ्गारिक खेती वृद्धि कार्यक्रम ल्याउनुपर्ने पनि तिनको माग छ ।

नेपालमा साढे पाँच दशकदेखि रासायनिक मल आयात भइरहेको छ जसले बर्सेनि माटाको उर्वराशक्ति घटाउनाका साथै पृथ्वीको उपज तत्वसमेत नष्ट गर्दै लगेको छ । अझ जैविक मलका ठाउँमा रासायनिक मल प्रयोग गरेपछि नेपालमा उत्पादन प्रायः सबै खालका तरकारी- फलफूलको मौलिक स्वाद नै हराइसकेको छ । सरकारले रासायनिक मल नहुँदा जैविक तथा प्राङ्गारिक मल उपयोग गर्नका लागि प्रोत्साहन दिनु जरुरी छ। बर्सेनि मल र बिउ भारतबाट ल्याउँदा आत्मनिर्भर भइदैन ।

पाँच वर्षअघि मल कारखाना खोल्ने अवधारणा कसरी निमोठियो र हाल पुनः यसलाई किन ब्युँताउनु परेको हो भन्ने कुरा पनि सरकारले स्पष्ट पारिदिएमा भावी सरकारलाई एउटा पाठ नै हुने थियो । काग कराउँदै छ, पिना सुक्दै छ वा छेपाराको घर बनाउने सङ्कल्प जस्तो गरी यस्ता विषय उठान भइरहन्छन्, विलुप्त भइरहन्छन्, कुनै बेला जागे जस्तो हुन्छ, अनि सुतिहाल्छ। प्रधानमन्त्रीले भने झैँ माटाको उर्वरता शक्तिको संरक्षण गर्ने खालको रासायनिक मलको कारखाना खोल्नका लागि पनि विभागीय र अन्य मन्त्रीले विशेषज्ञका सुझाव अनुसार गृहकार्य गर्नु पर्छ। प्राकृतिक विपत्तिबाट पाठ नसिके जस्तो गरी पुनः समस्या भोग्न तयार भइरहने हो कि साँच्चै नै विशेषज्ञसँग व्यापक छलफल गरी योजना बनाएर कारखाना स्थापनाको कार्यान्वयन गर्नेतर्फ लाग्ने हो, समय आइसकेको छ ।

# मानव अंग प्रत्यारोपण कानूनलाई खुकुलो नबनाउः मन्त्री पौडेल



झापा(प्रस) ।स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले मानव अङ्गहरू प्रत्यारोपण सम्बन्धी कानुनलाई खुकुलो बनाउँदा विकृति बढ्नसक्ने बताएका छन् ।

आइतवार ललितपुरमा ब्रह्मकुमारी राजयोग सेवा केन्द्रले आयोजना गरेको ग्लोबल मेगा रक्तदान कार्यक्रमको शुभारम्भ गर्दै उनले मानव अङ्गहरू प्रत्यारोपण सम्बन्धी कानुनलाई खुकुलो बनाउँदा विकृति बढ्नसक्ने भएकाले खुकुलो बनाउन नसकिने बताएका हुन् । नेपालमा मिर्गौला, आँखा लगायतका प्रत्यारोपण गर्न मिल्ने ६ वटा मानव अङ्गहरू पर्याप्त मात्रामा प्राप्त हुने स्थिति नरहेको उनले बताए ।

उनले यदि मानव अङ्ग प्रत्यारोपणका लागि सहजै एकले अर्कोलाई दिन मिल्ने कानुन बनाउने हो भने यसले विकृति भित्र्याउने बताए । मान्छेको ब्रेन मरिसकेपछि मृत्यु भएको २४ घण्टाभित्र मानव अङ्गहरू झिकेर अर्को आवश्यक पर्ने व्यक्तिमा प्रत्यारोपण गर्न सकिने गरी इरानमा प्रयोग भइरहेको उनले बताए ।

मन्त्री पौडेलले एउटाले अर्काको सहयोग गर्नु नै मानव धर्म भएको बताए । संस्कारयुक्त संस्कृतिको विकास गर्न जरुरी रहेको उनले बताए ।

'हामी कहाँ जति किड्नी चाहिने हो त्यति प्राप्त भएको स्थिति छैन। जति लिभर चाहिने हो त्यति प्राप्त भएको स्थिति छैन। जति आँखा चाहिने हो त्यो प्राप्त भएको छैन। शरीरका ६ वटा अंग झिकेर अर्कोमा ट्रान्सप्लान्ट गर्न मिल्छ। अब यो ट्रान्सप्लान्ट जसबाट निकालेर पनि गर्न मिल्ने बनाउन मिल्दैन किनभने यो बेचिन्छ। अहिले आइभिएफको एउटा समस्याका कारणले यो बेचिएको छ भनेर भन्न थालिएको छ,' उनले भने। भारतमा १९८२ सम्म एकले अर्कालाई अंग सजिलै दिन पाउने व्यवस्था रहेको र त्यहाँ धेरै गरिबले अंग बेचेको उनको भनाइ छ।

'त्यसैले त्यहाँ त्यसलाई बन्द गरियो। नेपालमा पनि नाता पर्ने, नाताको दायरा पनि एकदमै सीमित छ। कानून खुकुलो बनाउँ यसले बेथिति बढाउँछ, अब एउटा उपाय के छ भने इरानमा यसको सफल प्रयोग भइरहेको छ। पहिला मान्छेको ब्रेन मर्छ, ब्रेन मरेको २४ घण्टाभित्र उसको अंग झिक्न खोज्यो भने झिक्न सकिन्छ। ब्रेन डेथपछि अंग झिकेर त्यसलाई त्यहीअनुसार संग्रह गर्ने हो भने हामीले त्यो अंग अर्को किड्नी फेल भएकोलाई दिन सकिन्छ। आँखा नदेख्नेलाई आँखा दिन सकिन्छ,' उनले भने।

# 'अभिव्यक्ति र प्रेस स्वतन्त्रता नियन्त्रित हुने' सर्वोच्चको व्याख्या



झापा । अदालतको अवहेलना सम्बन्धी मुद्दामा नौ सदस्यीय बृहत् पूर्ण इजलासले संविधानमा व्यवस्था भएको अभिव्यक्ति स्वतन्त्रताको हक 'नियन्त्रित हुने' व्याख्या गर्दै पूर्ण पाठ जारी गरेको छ। सिधाकुरा अनलाइनमा प्रकाशित समाचारबाट अदालतको अवहेलना भएको भन्दै परेको मुद्दामा सर्वोच्चले २०८१ असोजमै फैसला गरेको थियो।

फरेन्सिक जाँचमा सर्वोच्चका न्यायाधीश समेतको छद्म आवाजयुक्त अडिओ सामग्री बनाएको पाइएको थियो। अन्य प्रमाणले पनि अदालतको अवहेलना पुष्टि भएको भन्दै सर्वोच्चले अभिव्यक्ति स्वतन्त्रता 'नियन्त्रित' हुने व्याख्या गरेको हो। 'संविधानले प्रत्येक नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता एवं सञ्चारमाध्यमलाई श्रव्य, दृश्य सामग्री प्रकाशन गर्ने पाउने हकको प्रत्याभूति गरेको छ,' हालै सार्वजनिक पूर्ण पाठमा भनिएको छ, 'त्यस्तो हक निरपेक्ष नभई नियन्त्रित हुने भनी संवैधानिक प्रावधान रहेकै छ।'

सर्वोच्च अदालतले फैसलाको संक्षिप्त पाठमा नागरिकको अभिव्यक्ति स्वतन्त्रतालाई नियन्त्रण गर्ने संविधानको प्रावधान रहेको भनेको थियो। त्यसलाई पूर्ण पाठमा सच्याउने विश्वास गरिएको थियो। तर हालै जारी पूर्ण पाठमा पनि अभिव्यक्ति स्वतन्त्रतालाई नियन्त्रण गर्ने संवैधानिक व्यवस्था रहेको व्याख्या गरिएको छ। संवैधानिक कानूनका जानकारहरू भने यस्तो व्याख्याले नागरिकको अभिव्यक्ति स्वतन्त्रता र सञ्चारमाध्यमको पूर्ण प्रेस स्वतन्त्रतामा राज्यले अनावश्यक नियन्त्रण गर्ने जोखिम बढ्ने बताउँछन्।

संविधानको धारा १७ मा प्रत्येक नागरिकलाई अभिव्यक्ति स्वतन्त्रताको अधिकार रहने र धारा १९ मा सञ्चारमाध्यममा समाचार लगायत सामग्री छाप्न, प्रसारण गर्न प्रतिबन्ध नलगाइने उल्लेख छ। यद्यपि धारा १९ मै 'सार्वभौमसत्ता, भौगोलिक अखण्डता, विभिन्न जात, जाति, धर्म वा सम्प्रदाय, राष्ट्रियता वा संघीय एकाइबीचको सुसम्बन्धमा खलल पार्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना' हुने सामग्रीमा मनासिव प्रतिबन्ध लगाउने गरी कानून बनाउन पाउने प्रतिबन्धात्मक व्यवस्था छ।

यही प्रतिबन्धात्मक व्यवस्थाको आशय 'नियन्त्रित स्वतन्त्रता' रहेको सर्वोच्चको नौ सदस्यीय इजलासले व्याख्या गरेको हो। तर संवैधानिक कानूनका जानकार एवं पूर्व महान्यायाधिवक्ता दिनमणि पोखरेल भने संविधानको यस प्रावधानको अन्तर्य नागरिकको अभिव्यक्ति स्वतन्त्रतालाई 'नियन्त्रित' गर्ने नभई अभिव्यक्ति र प्रेस स्वतन्त्रताका सीमितताहरू सम्झाउन खोजेको बताउँछन्। "दुनियाँमा पूर्ण भन्ने कुरा केहीमा पनि हुँदैन," पोखरेल भन्छन्, "सीमितता हुन्छन्। अभिव्यक्ति, प्रेस स्वतन्त्रता निरपेक्ष हुँदैन भन्ने संविधानको आशय हो। संविधानले नागरिकका अभिव्यक्ति र प्रेस नियन्त्रित हुनुपर्छ भन्दैन।"

सर्वोच्चको व्याख्या त्रुटिपूर्ण रहेको सर्वोच्च अदालतकै पूर्व न्यायाधीश बलराम केसी बताउँछन्। "प्रेस कसैबाट परिचालित र प्रायोजित पनि हुन सक्ने सन्दर्भमा संविधानले यसको स्वतन्त्रताको सीमा तोके पनि त्यो 'नियन्त्रित' हुन्छ भन्ने होइन," संवैधानिक कानूनका जानकार समेत रहेका केसी भन्छन्, "फैसलाको यस्तो एउटा शब्दले भोलि अनर्थ भइदिन सक्छ।"

संवैधानिक कानूनका जानकार अर्का वरिष्ठ अधिवक्ता राजु चापागाईं त तानाशाही मुलुकमा मात्र प्रेस र नागरिकका अभिव्यक्ति नियन्त्रित हुने गरी संविधान बन्ने बताउँछन्। "हाम्रो संविधानको आशय त्यस्तो हुँदै होइन," चापागाईं भन्छन्, "यस फैसलाले त हाम्रो मुलुक पनि तानाशाही हो भन्ने गलत सन्देश जान्छ।"

लोकतान्त्रिक मुलुकमा प्रेस र अभिव्यक्ति स्वतन्त्रता नियन्त्रित नहुने उनको भनाइ छ। "लोकतन्त्र नभएको ठाउँमा मात्र राज्यले जति चाह्यो, उति विचार र अभिव्यक्ति स्वतन्त्रतामा नियन्त्रण लगाउँछ। लोकतान्त्रिक मुलुकमा यस्तो हुँदैन," चापागाईं भन्छन्।

गत वर्ष सर्वोच्च अदालतले अनुदार व्याख्या गरेपछि मातहतका अदालतले सञ्चारमाध्यममा प्रकाशित समाचार सामग्री हटाउनेसम्मका आदेश दिन थालेका छन्। गत जेठ २७ मा नेपालखबर र बिजमान्डु अनलाइनमा प्रकाशित समाचार हटाउन काठमाडौं जिल्ला अदालतले छुट्टाछुट्टै अल्पकालीन अन्तरिम आदेश दिएको थियो। नेपाल धितोपत्र बोर्डका अध्यक्ष सन्तोषनारायण श्रेष्ठले आफू विरुद्ध लेखिएका समाचार हटाउन र आइन्दा नलेख्न आदेश दिनुपर्ने माग सहित मुद्दा हालेका थिए।

अध्यक्ष श्रेष्ठलाई जलविद्युत् कम्पनीहरूको प्राथमिक शेयर निष्कासन (आईपीओ)का लागि 'कमिशन' मागेको आरोप लागेको विषयमा समाचार लेखिएको थियो। त्यसले उनको 'प्रतिष्ठामा अपूरणीय क्षति पुग्ने' दाबी गर्दै न्यायाधीश पीताम्बर शर्माको इजलासले अन्तरिम आदेश मार्फत श्रेष्ठबारे थप समाचार लेख्न समेत रोक लगाइदिएको थियो। पछि असार ५ मा जिल्ला अदालतले नै अन्तरिम आदेश खारेज गरेको थियो। त्यस्तै, गत असार १० मा दृष्टि न्यूजमा प्रकाशित समाचारको विषयलाई लिएर परेको अवहेलना सम्बन्धी मुद्दामा त विशेष अदालतका सबै न्यायाधीश सम्मिलित इजलास नै गठन भएको थियो। विशेष अदालतमा ६ जना न्यायाधीश हुन्छन्। विशेष अदालत ऐनमा बढीमा तीन सदस्यीय इजलास मात्र गठन हुने भनिए पनि अवहेलनाको मुद्दा छिन्न ६ सदस्यीय इजलास गठन भएको थियो।

ऐनमा तोकिएभन्दा बढी इजलास गठन हुनु गैरकानूनी भन्दै वरिष्ठ अधिवक्ता ध्रुवहरि अधिकारीले न्याय परिषद्मा उजुरी समेत दिएका छन्। विशेष अदालतको फैसलामा कैफियत देखिएको भन्दै प्रकाशित समाचारले अदालतको अवहेलना भएको जिकिर गर्दै मुद्दा परेको थियो। मुद्दाको अन्तिम फैसला भइसकेको छैन।

यसैगरी, हिमालखबरमा छापिएको सामग्रीले अदालतको अवहेलना भएको भन्दै सर्वोच्च अदालतमा मुद्दा परेको छ। जबर्जस्ती करणीका घटनामा जिल्ला अदालतले दोषी ठहर गरेका अधिकांशलाई उच्च अदालतले सफाइ दिने प्रवृत्ति बढेको तथ्य देखिएपछि हिमालखबरले गत वैशाख २६ मा रिपोर्ट छापेको थियो।

त्यस्तै, धर्मगुरुका रूपमा चिनिएका सिद्धबाबा भनिने कृष्णबहादुर गिरीलाई विराटनगर उच्च अदालतले जबर्जस्ती करणीको कसूरमा सफाइ दिएकोबारे जेठ १ गते अर्को समाचार छापिएको थियो। गिरीलाई सफाइ दिंदा प्रहरीले गरेको भौतिक प्रमाणको परीक्षणलाई अदालतले मान्यता नदिएको र विशेषज्ञको परिभाषा खुम्च्याएको तथ्य समाचारमा उल्लेख गरिएको थियो।

यी दुवै समाचारका कारण अदालतको अवहेलना भएको दाबी सहित अधिवक्ता दीपक खनालले जेठ १६ मा रिट दायर गरेका थिए। यो मुद्दा सर्वोच्च अदालतमा विचाराधीन छ।

यद्यपि सिधाकुरा प्रकरणबारे सर्वोच्चको नौ सदस्यीय इजलासले गरेको फैसलामा अदालतलाई अवहेलनाको मुद्दामा कारबाही गर्ने अधिकार संविधानले दिए पनि यसको जथाभावी प्रयोग गर्न भने नहुने व्याख्या छ। तर संविधानले नै नागरिकको अभिव्यक्ति र प्रेस स्वतन्त्रतालाई नियन्त्रण गर्ने इरादा राखेको भनेर गरेको व्याख्या भने डरलाग्दो रहेको नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष तारानाथ दाहाल बताउँछन्। "प्रेसलाई जसरी पनि तह लगाउनुपर्छ भन्ने मनसायबाट प्रेस र अभिव्यक्ति नियन्त्रित भनेर व्याख्या गरेको देखिन्छ," दाहाल भन्छन्, "भविष्यमा यसले सञ्चार जगत्लाई भयभीत बनाउनेछ।"

# शाहीद्वारा परराष्ट्रमन्त्री राणाको राजीनामा माग



झापा(प्रस) ।राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का प्रवक्ता तथा प्रमुख सचेतक ज्ञानेन्द्र शाहीले परराष्ट्र मन्त्री आरजु राणा देउवाको राजीनामा माग गरेका छन् ।

इजरायलमा हमासको बन्धकमा परेका नेपाली नागरिक विपिन जोशीको उद्धारका लागि प्रभावकारी पहल गर्न नसकेको र उनको परिवारको बिचल्ली भएको भन्दै शाहीले परराष्ट्र मन्त्रालयको भूमिकामाथि गम्भीर प्रश्न उठाएका हुन्।

शाहीले आफ्नो सामाजिक सञ्जालमार्फत परराष्ट्र मन्त्री र मन्त्रालयका कर्मचारीहरूको कडा आलोचना गर्दै उनीहरूसँग कूटनीतिक ज्ञानको अभाव रहेको र नागरिकको जीवन रक्षा तथा दुःखमा परेका नागरिकलाई सहयोग गर्न नसकेको आरोप लगाएका छन्।

'नागरिकको जीवन रक्षा गर्न नसक्ने, दुःखमा परेका नागरिकको घाउमा मल्हम लगाउन नसक्ने परराष्ट्र मन्त्री, आज देउवा राणा र परराष्ट्र मन्त्रालयका कर्मचारीलाई पदमा बसेको कुनै औचित्य छैन,' शाहीले आफ्नो पोस्टमा उल्लेख गरेका छन्।

शाहीले विशेषगरी विपिन जोशीका आमा र बहिनीको बिचल्ली भएको अवस्थाप्रति सरकारको उदासीनता र निष्क्रियताप्रति आक्रोश व्यक्त गरेका छन् । उनले परराष्ट्र मन्त्रीले तत्काल राजीनामा दिनुपर्ने र कामै नगर्ने तथा कूटनीतिक ज्ञान नभएका परराष्ट्र मन्त्रालयका कर्मचारीहरूलाई पदमा बसिरहने कुनै औचित्य नरहेको जिकिर गरेका छन्।

'यो मागले सरकारमाथि विपिन जोशीको उद्धारका लागि दबाब बढाएको छ भने परराष्ट्र मन्त्रालयको कार्यसम्पादनमाथि थप प्रश्नहरू उब्जाएको छ' उनले लेखेका छन् ।

# त्रिभुवन विमानस्थलमा विशिष्ट कक्ष प्रयोगमा कडाइ



झापा(प्रस) । विमानस्थलमा विशिष्ट व्यक्तिका लागि आवागमनमा सहजता, छरितो र सम्मानका लागि प्रयोग हुनुपर्ने विशिष्ट कक्षको दुरुपयोग बढेपछि त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थलको विशिष्ट कक्ष (भिआइपी लाउन्ज) प्रयोग तथा प्रवेशमा कडाइ गरिएको छ ।

सरकारले विक्रम संवत् २०७१ साउन ५ गते राजपत्रमा प्रकाशित गरेको विशिष्ट पदाधिकारीबाहेकका राजनीतिककर्मी, खेलाडी, सुरक्षा निकायका अधिकारी, समाजसेवी, व्यापारी तथा तिनका नातेदार र पहुँचवालाले विशिष्ट कक्षको जथाभावी प्रयोग गर्न थालेपछि विमानस्थल कार्यालयले कडाइ सुरु गरेको हो ।

विमानस्थल प्रमुख हंशराज पाण्डेले भने, "विमानस्थलमा हुने विशिष्ट, अति विशिष्ट व्यक्तिको यात्राका क्रममा सहजताका लागि विशिष्ट कक्ष उपलब्ध हुने गरेको छ । हवाई सुरक्षामा प्रभावकारी सुधार ल्याउन सरकारले विसं २०७६ मा औपचारिक कार्यक्रमका लागि तोकेको मर्यादाक्रम र पर्यटन मन्त्रालयले विशिष्ट कक्ष को-कसले प्रयोग गर्न पाउने भन्नेबारे राजपत्रमा जारी गरेको सूचनाभन्दा बाहिरका पदाधिकारीलाई विशिष्ट कक्ष प्रवेशमा कडाइ गरिएको हो ।"

विशिष्ट कक्षमा स्वागत तथा बिदाइ गर्न आउने व्यक्तिका कारण विमानस्थल प्रवेशका लागि पास दुरुपयोग र विशिष्ट कक्षमा भिड बढेको उनले बताए । अब राजपत्रमा तोकिएबाहिरका पदाधिकारीले विशिष्ट कक्ष प्रयोगका लागि सम्बन्धित निकायबाट कम्तीमा दुई घण्टाअगावै विमानस्थल कार्यालयलाई आधिकारिक पत्र पठाएर जानकारी गराउनुपर्ने उनले जानकारी दिए ।

नेपाल नागरिक उड्डयन प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुलले मन्त्री, संवैधानिक अङ्गका प्रमुख, विशिष्ट कर्मचारी, विदेशी पाहुना, कूटनीतिक नियोगका प्रमुख तथा राष्ट्रले विशिष्ट व्यक्ति भनी पहिचान गरेका व्यक्ति विदेश जाँदा र आउँदा प्रयोग गर्ने विशिष्ट कक्ष आफैँमा सुरक्षाका दृष्टिकोणले महत्वपूर्ण रहेकाले हवाई सुरक्षाको दृष्टिकोणले यसको प्रयोगमा कडाइ गरिएको बताए ।

उनले राजपत्रमा तोकिएबाहेकका पदाधिकारीले विशिष्ट कक्ष प्रयोग गर्न अब संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, गृह मन्त्रालय र परराष्ट्र मन्त्रालयको सिफारिस आवश्यक पर्ने जानकारी दिए । विमानस्थलमा विशिष्ट व्यक्तिका लागि छुट्टै बाटो प्रयोग गर्ने व्यवस्थासहितको विशिष्ट कक्षमा प्रवेश गरेपछि अध्यागमन, सुरक्षा जाँचलगायत सहज हुने, सर्वसाधारणको भिडबाट टाढा हुने र विशिष्ट कक्षमा न्यानो आतिथ्यता पाइने हुनाले यसको प्रयोग गर्न जोकोही चाहन्छन् ।

विमानस्थलमा विशिष्ट कक्षको प्रचलन विश्वभर छ । विदेशमा स्वदेशी र विदेशी भिआइपीलाई फरक फरक कक्ष हुन्छन् । त्यस्तै आउने र जानेका लागि फरक फरक कक्ष हुन्छन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल आन्तरिकतर्फ र अन्तर ाष्ट्रियतर्फ एक/एक विशिष्ट कक्ष र अन्तर्राष्ट्रियतर्फ एक अति विशिष्ट कक्ष रहेको छ । अति विशिष्ट कक्षको प्रयोग राष्ट्रपति, उपराष्ट्रपति र प्रधानमन्त्री औपचारिक विदेश भ्रमणमा जाँदा प्रयोग हुने गरेको छ ।

## नेपालमा कुल विद्युत् क्षमता ३५९१ मेगावाट पुग्यो

झापा(प्रस) । नेपालमा कुल विद्युत् क्षमता ३५ सय ९१ मेगावाट पुगेको छ ।

नेपाल विद्युत प्राधिकरणले आइतबार सार्वजनिक गरेको विवरण अनुसार राष्ट्रिय विद्युत प्रणालीमा कुल जडित क्षमता ३५ सय मेगावाट नाघेको हो।

प्राधिकरणका अनुसार राष्ट्रिय प्रणालीमा विद्युत उपलब्धता १५ हजार ६४१ गिगावाट घण्टा पुगेको छ ।

राष्ट्रिय विद्युत प्रणालीमा नेपाल विद्युत प्राधिकरण र यसका सहायक कम्पनीको योगदान ३४ प्रतिशत रहेको छ।

स्वतन्त्र विद्युत उत्पादकहरुको योगदान भने ५५ प्रतिशत रहेको देखिएको छ । ११ प्रतिशत विद्युत भारतबाट आयात गरिएको समेत प्राधिकरणले जनाएको छ ।

आव २०८१/८२ मा नेपालको आन्तरिक विद्युत खपत १०.७ प्रतिशतले वृद्धि भई ११ हजार ३१९ गिगावाट घण्टा पुगेको छ ।

अघिल्लो वर्षको तुलनामा ग्राहक संख्या ४.६ प्रतिशतले बढेर ५७.१ लाख पुगेको समेत प्राधिकरणको तथ्यांकमा देखिन्छ ।

राष्ट्रिय ग्रिड पहुँच ९८ प्रतिशत पुगेको छ । अघिल्लो वर्षको तुलनामा विद्युत चुहावट ०.४७ प्रतिशतले घटेर १२.२६ प्रतिशत कायम भएको समेत प्राधिकरणको तथ्याङ्क छ ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६९३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

मेष: नयाँ वस्त्र र अलङ्कारको प्राप्ति पनि हुनसक्छ ।मनोरञ्जनमा सहभागिता भइनेछ

वृष: महत्वपूर्ण कामको थालनी हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

मिथुन: आज रमाइलो यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला ।

कर्कट: नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

सिंह: आज महिला वर्गबाट विशेष साथ र सहयोग मिल्नेछ । अरुलाई प्रभावित पारेर

कन्या: मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ । शरीर भारी र मन अस्थिर रहने संकेत

तुला: आज आम्दानी प्रशस्त बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

वृश्चिक: सामाजिक क्षेत्रबाट राम्रो सहयोग पाइनेछ ।धार्मिक तथा समाज सेवामा मन लाग्नेछ

धनु: आज छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन

मकर: घरमा अतिथिको आगमन हुनेछ । स्वास्थ्यको ख्याल गर्नु पर्नेछ ।

कुम्भ: राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।

मिन: परीक्षा र पढाईमा राम्रै सफलता मिल्ला । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।